नेपाल वायुसेवा

**प्रेस विज्ञप्ति**

मितिः २०८०/१०/२३

**नेपाल वायुसेवा निगमले दुईवटा न्यारोबडी जहाज वेट लिजमा लिने सम्बन्धमा**

नेपाल वायुसेवा निगमले देशको पर्यटन प्रवर्द्धनमा समेत सशक्त उपस्थिती देखाई विदेशी पर्यटकहरुलाई समेत सेवा दिने उद्धेश्यले दुईवटा न्यारोवडी जहाज वेट लिज (Aircraft, crew, maintenance, insurance-ACMI) मा लिने प्रक्रिया पारदर्शी ढंगले गर्नको लागि तालुक मन्त्रालयको समेत सहमति लिइ सार्वजनिक खरिद ऐन, नियम बमोजिम आज मिति २०८० माघ २३ गते सार्वजनिक माध्यमबाट अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको छ ।

निगमको कार्ययोजना अनुरुप हाल निगमसँग भएको दुइवटा वाइड बडी जहाज जापान, सिड्नी र कोरिया उडानमा प्रयोग हुँदा अन्य सेक्टरमा हाल भएका दुइवटा न्यारो बडी जहाजले उडान चापको माग धान्न नसक्ने भएकोले थप भएका जहाजले सो चापलाइ व्यवस्थापन गरी दिल्ली, दुबई, दोहा, मलेसिया लगाएतका सेक्टरमा उडान थप गरी आय वढाउने तथा भैरहवाबाट समेत अन्य गन्तव्यमा उडान भर्ने योजना रहेको छ ।

नेपाल सरकारवाट विभिन्न समयमा गठित निगम सुधार आयोग, समितिहरुले समेत निगमको सम्भावित व्यापारलाई विस्तार गर्न अहिले भएका जहाजले नपुग्ने र तत्काल जहाज थप्नुपर्ने सुझाव दिएको सन्दर्भमा श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीज्यूको विशेष निर्देशन र निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीको विशेष पहलमा निगमको दश वर्षे व्यवसायिक योजना अनुरुप वजार विस्तार गर्नको लागि जहाज थप गर्न लागिएको छ । उक्त जहाजहरु आगामी जुलाई २०२४ सम्ममा निगमको उडानमा आइसक्ने अपेक्षा गरिएको छ ।

नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं

रमेश पौडेल
(प्रवक्ता)

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन : ०१-४२२०७५७, फ्याक्सः ०१-४२२५३४८
Email: info@nac.com.np, web: www.nepalairlines.com.np